# शिवालय गाउँपालिका
**Shivalaya Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of The Rural Municipal Executive**
सिमा, जाजरकोट
Sima, Jajarkot

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


पत्र संख्या/Letter No. : २०८२।०८३
चलानी नम्बर/Ref. No. :

## आ.व. २०८१।०८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्तै जरुरी सूचना!

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछिको हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने" कानूनी व्यवस्था रहेको छ। उल्लेखित कानूनी व्यवस्था बमोजिम शिवालय गाउँपालिकामा सार्वजनिक पदधारण गरेका जनप्रतिनिधि, कर्मचारी, शिक्षक लगायत सबैले आर्थिक वर्ष २०८१।०८२ को सम्पत्ति विवरण मिति २०८२।०५।२९ गते भित्र तपशिल बमोजिमको निकायमा अनिवार्य पेश गर्नुहुन जानकारी गराईन्छ।

तपशिल:

| सि.नं. | सार्वजनिक पद | सम्पत्ति विवरण बुझाउने निकाय | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय तहका जनप्रतिनिधि | गाउँ कार्यपालिकाको कार्यालय | |
| २. | संघीय निजामती सेवाका कर्मचारी/संघबाट कामकाज तथा काजमा खटिएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना (निजामती) | |
| ३. | समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका तर प्रदेश वा स्थानीय तहको कानून बमोजिम स्तरवृद्धि/तह वृद्धि/बढुवा नभएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना (निजामती) | |
| ४. | समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई तत् पश्चात प्रदेश वा स्थानीय तहको कानून बमोजिम स्तरवृद्धि/तह वृद्धि/बढुवा भएका कर्मचारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना | |
| ५. | प्रदेश तथा स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुका हकमा स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धि/तह वृद्धि/बढुवा भएका कर्मचारीहरु समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना | |
| ६. | प्रदेश लोक सेवा आयोगबाट प्रदेश तथा स्थानीय तहका लागि सिफारिस भई नियुक्त भएका सम्पूर्ण कर्मचारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना | |
| ७. | लोकसेवा आयोग वा अन्तर्गतका कार्यालयहरुबाट वि.सं. २०७६ मा स्थानीय तहको पदका लागि भनि विज्ञापन भई सिफारिस भएका स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना | |
| ८. | स्थायी शिक्षक | राष्ट्रिय किताबखाना (शिक्षक) | |
| ९. | गाउँपालिकामा कार्यरत करार कर्मचारी, विद्यालयमा कार्यरत करार, अनुदान कोटा, बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी आदि | गाउँ कार्यपालिकाको कार्यालय | |

२०८२।०५।१२
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

उप-महानिर्देशक

# आ.व. २०८१/८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८२/०३/१०

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क' को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व.२०८१।८२ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ ।

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४x९ ईन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

आ.व. २०८१/८२ को सम्पत्ति विवरण

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बरः | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाइल नं. |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी/कर्मचारीहरूले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरूले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(४) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरूमा नियुक्ति भएका कर्मचारीहरूले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरूले- कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(६) बुँदा नं. २,४२५ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका,, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरूमा बुझाएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशीघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८२ साल साउन १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता हुने गरी छिटो माध्यमबाट पठाउनु पर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरू PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई दश हजार जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

नोटः- सूचनाको बुँदा नं.२ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरिएकोले हेर्न र पढ्न सकिनेछ ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेबपेज : www.nvc.gov.np
वेबपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

## आ.व.२०८१/८२ को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

### (निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८१/८२ को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

क) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८१/८२ को सम्पत्ति विवरण मिति २०८२/०४/०१ गतेदेखि मिति २०८२/०५/२९ गतेभित्र तोकिएको निकायमा प्राप्त हुने गरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था बाहेक उक्त मिति भन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

ख) आ.व.२०८१/८२ मा नयाँ मनोनयन/नियुक्ति भई ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **सुरू नियुक्ति सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

ग) आ.व.२०८०/८१ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका व्यक्ति तथा राष्ट्रसेवकले रु.५ हजार जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयको **जरिमाना तिरी सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

घ) संघीय एवं प्रदेश तहमा ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको Hardcopy र Softcopy सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ।

ङ) जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सो को विवरण केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने र सम्पत्ति विवरणका बन्दी खामहरू सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको तीस दिनभित्र अनिवार्य रुपमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्नेछ र सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको Hardcopy र Softcopy सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ। साथै त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ।

च) माथि उल्लिखित बुँदाहरुको प्रयोजनार्थ केन्द्रले अनलाइन सफ्टवेयरलाई थप अद्यावधिक गरी सञ्चालन गरेको छ। केन्द्रको वेबसाइट www.nvc.gov.np मा गई सम्पत्ति विवरण अनलाइन दर्तामा क्लीक गर्ने, त्यसपछि कुन तहको कार्यालय हो त्यसमा पुनः क्लीक गर्ने, अघिल्लो आ.व.कै युजर नेम तथा पासवर्ड प्रयोग गरी आफ्नो कार्यालयको पेज खोल्ने र जुन प्रकारको सम्पत्ति विवरण हो त्यसको सबआइकनमा क्लीक गरी सम्पत्ति विवरण अनलाइन प्रविष्टिका लागि सामान्य मार्गदर्शन बमोजिम गर्न गराउन हुन अनुरोध छ।

छ) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा तोकिएको समय सिमाभित्र पुगिसक्ने गरी पठाउने र नबुझाउने व्यक्ति तथा राष्ट्रसेवकको विवरण (नाम, पद र कार्यरत कार्यालयसहितको सम्पर्क गर्न सकिने ठेगाना) उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।

माथि उल्लिखित राजपत्र एवं अन्य सम्बन्धित सूचना केन्द्रको वेबसाइट **www.nvc.gov.np** मा राखिएको छ। ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं
(महाशाखा नं. ६)

अत्यन्त जरुरी/गोप्य

पत्र संख्या :६/२०८१-८२(सम्पत्ति विवरण)
चलानी नं. :६२४५६

२०४७

मितिः २०८२/०३/१०
ने.सं.:११४५, तछलागा चतुर्दशी

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पे नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवर अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पे हुँदा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय अनुसार नीतिग व्यवस्था गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने भनी आयोगबाट मि २०८२/०३/०४ मा निर्णय भएकाले उक्त निर्णय कार्यान्वयनका लागि अनुरोध छ।

देहाय

क. संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्वका सम्बन्धमा पर्याप्त जनचेतनामूल कार्यक्रमहरु सञ्चालन गर्ने,

ख. शुरु नियुक्ति हुने राष्ट्रसेवकलाई सम्पत्ति विवरण फाराम भरे पश्चात मात्र नियुक्ति पत्र दिने व्यवस्था गर्ने

ग. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको उचित व्यवस्थापन र संरक्षण गर्ने,

घ. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मा प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने,

ङ. अनलाईन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई स्थानीय तहह प्राथमिकता दिने,

२०८२/०२/१०

(विष्णुराज बेल्बासे)
उपसचिव

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 3092
मितिः 3/12/082

सुशासन प्रवर्द्धन शाखा
दर्ता नं.: २९६
दर्ता मिति:

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८१।०८२

चलानी नं.:- १६२०

मिति २०८२।३।३१

विषय:- सम्पत्ति विवरण दर्ता गर्ने सम्बन्धमा ।

श्री संघीय मन्त्रालय/सचिवालय/आयोग/कार्यालय, सबै ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सबै ।
श्री प्रदेशस्तरीय आयोग, सचिवालय, निर्देशनालय, कार्यालय सबै ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै ।
श्री स्थानीय तहहरु सबै ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण दर्ता गर्ने तथा अनुगमन गर्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालको च. नं. ६२४५६ मिति २०८२।३।१० को पत्र, राष्ट्रिय सतर्कता केन्द्रको च. नं. ११०००००३६ मिति २०८२।३।३१ को पत्रसाथ संलग्न भइ आएको सुचना तथा राष्ट्रिय किताबखानाको च.नं. १६२ मिति २०८२।३।१० को पत्रसाथ संलग्न भइ आएको सम्पत्ति विवरण दर्ता गर्ने विषयको सूचना यसै पत्रसाथ संलग्न राखिएको छ । उक्त पत्रहरु अध्ययन गरी उल्लेखित व्यहोराको पूर्ण परिपालना गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

::::बोधार्थ::::
श्री सूचना प्रविधि शाखा
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार — प्रस्तुत पत्र वेबसाइटमा राखिदिनु हुन ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

प.सं. २०८१।०८२
च.नं. ५५०६

मितिः- २०८२।०३।११

विषय :-सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै ।**
**श्री सबै स्थानीय तहहरू (७५३ वटै) ।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत र निस्सासहितको अद्यावधिक सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले त्यस जिल्ला/पालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको आ.व. २०८१/२०८२ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी **खामबाहिर देहायको विवरण अनिवार्य रूपमा उल्लेख गरी** राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु/गराउन हुन अनुरोध छ ।

**आ.व. २०८१/०८२ को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा**

| | |
|---|---|
| शिक्षकको संकेत (सिटरोल) नं.: | कार्यरत विद्यालयको नाम र पुरा ठेगाना : |
| शिक्षकको नाम थर : | कार्यरत विद्यालयमा हाजिर भएको मिति : |
| तह : | कार्यरत प्रदेश : |
| श्रेणी : | कार्यरत जिल्ला : |
| मोबाइल नं. : | कार्यरत स्थानीय तह : |

१. स्थायी शिक्षकहरूको आ.व. २०८१/०८२ को सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम्ले (व्यक्तिगत रूपमा) राष्ट्रिय किताबखाना (शिक्षक) मा बुझाउने वा विद्यालय/स्थानीय तहले संकलन गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइहरूमा बुझाउने र इकाइहरूले जिल्लाका सबै विद्यालय शिक्षकहरूको एकमुष्ट गरी २०८२ साल श्रावण १ गतेदेखि भाद्र २९ गतेभित्र अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (शिक्षक) मा दर्ता हुने गरी छिटो माध्यमबाट पठाउनुपर्ने छ । **विद्यालयमा कार्यरत करार, अनुदान कोटा, बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी आदिले आफू कार्यरत स्थानीय तहमा बुझाउनु पर्नेछ ।** स्थानीय तहले सो सम्पत्ति विवरण दर्ता गरी सुरक्षित राख्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परको भएता पनि सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनका लागि यस किताबखाना खुल्ला रहनेछ ।

२. अध्ययन बिदा, असाधारण बिदा र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकहरूले सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

३. आ.व. ०८१।०८२ भित्र (अर्थात २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्म) सेवानिवृत्त भएको शिक्षकले समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

४. संकेत नं. नमिलेको, खाममा पूर्ण विवरण उल्लेख नगरिएको र तोकिएको मितिभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

५. हुलाकमार्फत तोकिएको अवधिभित्र प्राप्त भएको सम्पत्ति विवरण PIS प्रविष्टी गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

६. सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलब्ध छ । सम्पत्ति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले उल्लेख गरेको मोबाइल नं. मा SMS बाट प्राप्त हुनेछ । ६० दिन भित्र SMS प्राप्त नभएमा यस किताबखानामा सम्पर्क गर्नु हुन ।

७. नयाँ स्थायी नियुक्त भई सिटरोल बुझाँउदा सम्पत्ति विवरण बुझाएका शिक्षकहरूले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्ने छ ।

नन्दलाल पौडेल
(उपमहानिर्देशक)

बोधार्थ :
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र सिंहदरबार, काठमाडौं ।

# राष्ट्रिय किताबखाना (निजामती) को
# सम्पत्ति विवरण बुझाउने सम्बन्धी
# सूचना

सरकारी सेवामा कार्यरत कर्मचारीहरूले राष्ट्रिय किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना (सात वटै प्रदेश) मा तोकिएको म्यादभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको देखिन्छ । कर्मचारीहरूले सम्पत्ति विवरण कुन-कुन निकायमा बुझाउने भन्ने द्विविधा देखिएको हुँदा देहायमा उल्लेख भएका कर्मचारीहरूले तपसिलमै उल्लेख भएको निकायमा सम्पत्ति विवरण बुझाउनु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| **राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ प्रदेश किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू** |
|---|---|
| १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यलायहरूबाट विभिन्न समयमा खुल्ला तथा बढुवा सिफारिस भएका संघीय कर्मचारीहरू | १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यालयहरूबाट वि.सं. २०७६ मा **स्थानीय तहको** पदका लागि भनी विज्ञापन भई सिफारिस भएका स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरू |
| २. समायोजन ऐन, २०७५ अनुसार संघमा समायोजन भएका सम्पूर्ण कर्मचारीहरू | २. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भई तत् पश्चात **प्रदेश तथा स्थानीय कानून बमोजिम** स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू |
| ३. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तर प्रदेश वा स्थानीय तहको कानून बमोजिम स्तरवृद्धि/ तह वृद्धि / बढुवा नभएका कर्मचारीहरू | ३. प्रदेश तथा स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरूका हकमा स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू समेत |
| ४. प्रदेश तथा स्थानीय तहमा संघबाट कामकाज तथा काजमा खटिएका कर्मचारीहरू | ४. प्रदेश लोक सेवा आयोगबाट प्रदेश तथा स्थानीय तहका लागि सिफारिस भई नियुक्त भएका सम्पूर्ण कर्मचारीहरू |

***नोट:***

- *असाधारण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा अशक्त भई बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालिम, अध्ययन, सम्मेलन वा वार्ताको लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिरी हुनुपर्ने मितिले ३० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्नेछ।*
- *प्रत्येक प्रदेश किताबखानाले सम्पत्ति विवरण बुझाएका कर्मचारीहरूको विवरण Excel Sheet मा तयारी पारी सम्पत्ति विवरण बुझाउने म्याद समाप्त भएपछि राष्ट्रिय किताबखाना (निजामती) मा उपलब्ध गराउनुपर्नेछ।*